U.S. Embassy in Nepal

डि. भी. २०२१ को आवेदन कसरी भर्ने ?

डी. भी. को आवेदन गर्न निशुल्क र सजिलो छ। तपाईं आफै आवेदन भरि पैसा बचाउनुहोस् अनि आवेदन पुरा गरि भरिएको निश्चित गर्नुहोस्।

डि. भी. को आवेदन गर्न तपाईंलाई के आवश्यक पर्दछ ?

१. तपाईं अनि तपाईंको श्रीमान् / श्रीमती र छोराछोरीको व्यक्तिगत विवरण
२. तपाईं अनि तपाईंको परिवारको हालसालै खिचिएको २"x२" साइजको फोटो
३. उच्च माध्यामिक परीक्षा उत्तिर्ण प्रमाणपत्र वा योग्य पेसामा दुई वर्षको कार्यानुभव।

डि. भी. को आवेदन कसरी गर्ने ?

डि. भी. को आवेदन गर्न सजिलो र निःशुल्क छ। निम्न पाइलाहरू अपनाउनुहोस् :

१ कुनै पनि इन्टरनेट भएको कम्प्युटरमा गई यो वेबसाइटमा जानुहोस् :
www.dvlottery.state.gov

२ तपाईंलाई निम्न सूचनाहरू उपलब्ध गराउन लगाइनेछ :

क. तपाईंको नाम
ख. लिङ्ग
ग. जन्म मिति
घ. जन्म स्थान
ङ. जन्मेको देश
च. तपाईं अमेरिकामा जोसँग बस्नुहुनेछ वहाँको पूरा नाम ठेगाना
छ. बसोबास गरिरहेको देश
ज. फोन नम्बर
झ. ईमेल ठेगाना
ञ. हासिल गरेको शैक्षिक योग्यता
ट. विवाहित / अविवाहित

***सावधान** : गलत सूचना दिनाले तपाई भिसाको लागि अयोग्य ठहरिन सक्नु हुनेछ! मुख्यतः तपाई जन्मनुभएको देश अनि सम्पूर्ण परिवारको सदस्यहरुको विवरण ठिक गरि आवेदनमा समावेश गरिएको होस्। तपाईले भर्नु भएको सूचनाहरु दोहोराएर हेर्नुहोस्। तपाईको जन्म मिति, फोटोहरु अनि सम्पूर्ण परिवारको विवरणहरु ठिक गरि आवेदनमा समावेस गरिएको बारे बिशेष ध्यान दिनुहोस्।*

३ तपाईंको श्रीमान् / श्रीमतीको अनि बालबच्चाहरूको फोटो ६०० पिक्सेल x ६०० पिक्सेल (अर्थात् २"x२") साइजको फोटो खिचेर हाल्नुहोस्।

***सावधान** : कहिलेकाहीँ कन्सल्टेन्सीहरूको गल्तीले तपाईंहरूको फोटो अर्कै आवेदकसँग साटिनाले आवेदकहरू अयोग्य हुन जान्छन्। त्यस कारण तपाईंहरू आफ्नो आवेदनमा सही फोटो राख्न धेरै होसियार हुन जरुरी छ।*

४ तपाईंले भर्नुभएको सूचनाहरू दोहोराएर हेर्नुहोस्।
सावधान लेखिएका प्रश्नहरूमा विशेष ध्यान दिनुहोस्।

५ आफ्नो कन्फरमेशन नम्बर
प्रिन्ट गरी सुरक्षित राख्नुहोस्।

***सावधान** : तपाईंको कन्फरमेशन नम्बर सुरक्षित राख्न अत्यन्त जरुरी छ। तपाईंले डि. भी. जित्नुभएको वा नभएको र अन्तर्वार्ताको दिन हेर्न त्यही कन्फरमेशन नम्बर प्रयोग गर्नुपर्छ। हामीलाई प्राप्त सूचना अनुसार केही आवेदकले कन्सल्टेन्सीलाई विश्वास गरी आफ्नो कन्फरमेशन नम्बर दिएको अवस्थामा कन्सल्टेन्सीले ठूलो रकम असुली अन्तर्वार्ताको मिति उपलब्ध गराउने गरेको बुझिएको छ।*

६ डि.भी. विजेताको घोषणा मई ५, २०२० मा गरिनेछ। यस समय तपाईंले www.dvlottery.state.gov मा गई आफ्नो कन्फरमेशन नम्बर राखेपछि आफूले डि. भी. जिते नजितेको थाहा पाउनुहुनेछ।

***सावधान** : तपाईंलाई कसैले डि. भि.दिलाईदिन्छु भनि आश्वासन दिएमा कहिल्यै कसैलाई पैसा पठाउन पर्दैन।*